# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरुः-

**संवत् २०८२ साल वैशाख १७ गते बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयः** लुम्बिनी प्रदेश, प्रदेश सचिव श्री वसन्त प्रसाद कोइरालालाई सामाजिक विकास मन्त्रालय र श्री प्रमोद भट्टराईलाई वन तथा वातावरण मन्त्रालयमा सचिवको पदमा जिम्मेवारी तोक्ने ।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** आ.व.२०८२/८३ मा स्थानीय तहमा बाँडफाँड हुने सवारी साधन करको अनुमानित सीमा निर्धारण गर्ने ।

३. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालयः** लुम्बिनी प्रदेश, उद्योग, पर्यटन तथा यातायात मन्त्री र प्रमुख सचिवको वैदेशिक भ्रमण स्विकृत गर्ने ।

४. **कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयः** लुम्बिनी प्रदेश, जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृती प्रदान ।